# माध्यमिक शिक्षा परीक्षा

## नमुना प्रश्नपत्र

**विषय : जनसङ्ख्या**

पूर्णाङ्क : ७५ समय : २ घन्टा १५ मिनेट

समूह क Group 'A'

**तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :** (११×१ = ११)

**Answer The following questions in one sentence.**

१. जनसङ्ख्यालाई परिभाषित गर्नुहोस् । (K)
Define Population.

२. WHO का अनुसार किशोरावास्था भन्नाले कुन उमेर समूह हो ? (K)
According to WHO, what age group refers to adolescence?

३. बसाइँसराइलाई प्रभाव पार्ने कुनै एक तत्त्व पहिचान गर्नुहोस् । (U)
Identify one of the factors that influence migration.

४. हाम्रो समाजमा लैङ्गिक समानता कायम राख्ने एक उपाय पहिचान दिनुहोस् ।(A)
Identify a way to maintain gender equality in our society.

५. आकस्मिक गर्भ निरोधक चक्की कस्तो अवस्थामा प्रयोग गर्न सकिन्छ ?
In which situation, emergency contraceptive pills can be used?

६. प्राथमिक तथ्याङ्कको कुनै एउटा स्रोत उल्लेख गर्नुहोस् । जनगणना तथ्याङ्कको कुन स्रोतअन्तर्गत पर्दछ । (U)
Specify one of the primary data sources. Under what source does the census fall?

७. बालविवाह रोकथाम गर्न तपाईंले अपनाउन सक्ने कुनै एउटा सुझाव लेख्नुहोस् । (HA)
Write down one of the ways that you can adopt to prevent child marriage.

८. पारिवारिक जीवन शिक्षाले कसरी सुखी जीवन बनाउनमा सहयोग गर्दछ ?
How family life education helps to build a happy life?

९. जीवनमा घट्ने प्रमुख घटना दर्ता गर्न जनचेतना जगाउने एउटा नारा लेख्नुहोस् । (HA)
Write a slogan to raise awareness about registration of vital events in life.

१०. दिगो विकासको अर्थ बताउनुहोस् । (K)

Explain the meaning of sustainable development.

११. जनसङ्ख्या शिक्षामा मध्यकको प्रयोग किन गरिन्छ ? उल्लेख गर्नुहोस् । (A)

Mention why median is used in population education?

अथवा

लैङ्गिक मुद्दा भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा लैङ्गिकतासम्बन्धी मुद्दाको सम्बोधन गर्न भएका पहलहरू चर्चा गर्नुहोस्

What is Genter issues ? Mention the initiative steps done in Nepal to address the genter issues.

## समूह ख Group 'B'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्ः** ८×५=४०)

**Give short answer of the following questions.**

१२. जनसङ्ख्या परिवर्तनका तत्त्वहरू के के हुन् ? कुनै दुई ओटाको छोटकरीमा व्याख्या गर्नुहोस् । (K)

What are the factors of population change? Explain any two of them in short.

१३. नेपालमा गर्भपतनसम्बन्धी सरकारी नीतिको छोटकरीमा विवेचना गर्नुहोस् । (HA)

Discuss the government policy on abortion in Nepal.

१४. नेपालको जनसङ्ख्या सन् २००१ र सन २०११ मा क्रमशः २,३१,५१,४२३ र २,६४,९४,५०४ थियो भने प्रवर्धक वृद्धिदर $P_t = P_o^{ert}$ विभिन्न प्रयोग गरी सन् २०२१ को जनसङ्ख्या प्रक्षेपण गर्नुहोस् ।

Population of Nepal in 2001 and 2011 was 2, 31, 51,423 and 2, 64, 94,504 respectively. Use exponential growth rate ($pt=p_o^{ert}$) method for population projection of 2021 AD.

अथवा

जनसङ्ख्या प्रक्षेपण भनेको के हो ? यसको आवश्यकता किन पर्दछ ? प्रक्षेपणका प्रमुख विधिहरूको नाम उल्लेख गर्नुहोस् । (A)

What is population projection? Why it is necessary mention the major methods of projection.

१५. तपाईँको समाजमा महिला सशक्तीकरणका लागि के कस्ता प्रयासहरू भइरहेका छन् ? पाँच बुँदामा लेख्नुहोस् ।

In your society, what are the efforts for women empowerment? Enlist any five efforts.

१६. गर्भ व्यवस्थापनका लागि अपनाइने प्राकृतिक विधिको पाँचओटा फाइदाहरू प्रस्ट पार्नुहोस् । (U)

Explain any five benefits of using natural methods of contraceptive method.

१७. पारिवारिक जीवन उच्च बनाउन तपाईंले गर्न सक्ने कुनै पाँचओटा प्रयासहरू उल्लेख गर्नुहोस् । (HA)

Mention five steps you can take to improve family life.

१८. नेपालमा पञ्जीकरण प्रणालीलाई कसरी व्यवस्थित गर्न सकिन्छ ? कुनै पाँच बुँदामा सुझाव दिनुहोस् । (A)

How can the registration system be managed in Nepal? Suggest any five ways

१९. दिगो विकास र जनसङ्ख्याबिचको अन्तरसम्बन्ध व्याख्या गर्नुहोस् । (K)

Explain the correlation between sustainable development and population.

## समूह ग Group 'C'

## तलका प्रश्नको लामो उत्तर दिनुहोस् : ३×८=२४

## Give Long answer of the following questions

२०. नेपालको पन्ध्रौं योजनाको जनसङ्ख्यामा नीति तथा कार्यक्रमहरूको लक्ष्य, उद्देश्य र रणनीतिहरू प्रस्तुत गर्नुहोस् । (HA)

Present the goals, objectives and strategies of policies and programs to the population of the Fifteenth Plan of Nepal.

२१. महिला प्रजनन प्रणालीसँग सम्बन्धित भित्री अङ्गहरूको कार्यको सचित्र व्याख्या गर्नुहोस् ।

Explain the functions of the internal organs of female reproductive system along with its figure.

or

बाँझोपनाको कारण, प्रभाव र व्यवस्थापनका उपायहरूको सङ्क्षिप्त चर्चा गर्नुहोस् । (U)

Briefly mention the causes, impact and management of infertility.

२२. तपाईंको परिवारमा ज्येष्ठ नागरिकहरूको व्यवस्थापन गर्न कस्तो भूमिका निर्वाह गर्नुहुन्छ ? कुनै चारओटा बुँदामा वर्णन गर्नुहोस् । (A)

What role can you play to manage senior citizens in your family? Explain in any four points